# बर्दघाट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बर्दघाट, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल


प.सं.२ ०८१/८२
च.नं.

मिति: २०८२/०१/०२

## व्यक्तिगत घटना दर्ता सप्ताह सन्देश

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागले "व्यक्तिको कानूनी पहिचान र राज्यवाट प्रवाह हुने सेवा प्राप्तीका लागि घटना घटेको ३५ दिन भित्र सम्वन्धित स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा गई व्यक्तिगत घटना दर्ता गरौं गराऔं"भन्ने मुल नाराका साथ वि.स. २०८२ साल बैसाख १ गते देखि ७ गतेसम्म व्यक्तिगत घटना दर्ता सप्ताह कार्यक्रम मुलुकभर सञ्चालन गरिरहेको छ। व्यक्तिगत घटना दर्ता व्यक्तिको कानूनी पहिचान र सार्वजनिक सेवा प्राप्त गर्ने मुख्य आधारको रुपमा रहने भएकाले यस कार्यक्रमलाई भव्य र सभ्य रुपमा सम्पन्न गर्नको लागि आम नगरबासी, महानुभावहरुले आ-आफ्नो वडा कार्यालयमा गई व्यक्तिगत घटना दर्ता गर्नु, गराउनु हुनेछ भन्ने विश्वास लिएको छु।

नेपालको संविधानले प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हकलाई सुनिश्चित गरेको छ साथै सोहौं योजना (२०८०/८१-२०८५/८६) को सुशासनका राष्ट्रिय लक्ष्यमा ५ बर्ष मुनिका बालबालिकाको जन्म दर्ता ७४ प्रतिशतबाट वृद्धि गरी १०० प्रतिशत पुर्याउने लक्ष्य लिएको सन्दर्भमा ३५ दिन भित्रै व्यक्तिगत घटना दर्ता गर्दा नागरिकहरुलाई विलम्व शुल्कको व्ययभार नपर्ने र राज्यलाई समेत उचित समयमा तथ्याङ्क प्राप्त हुने भएकाले तथ्यमा आधारित नीति निर्माणमा टेवा पुग्ने हुँदा वडा कार्यालयबाट जन्म, मृत्यु, विवाह, बसाईसराई र सम्वन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता प्रकृयालाई सरल, सहज र पहुँचयोग्य बनाई सेवा प्रवाह गर्नु गराउनुहुन समेत अनुरोध गर्दै नयाँ बर्ष २०८२ सालको अवसरमा सम्पुर्ण नागरिकहरुमा हार्दिक मंगलमय शुभकामना समेत व्यक्त गर्दछु।

२०८२/०१/०२

प्रकाश खनाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत